# नेपाल राष्ट्र बैंक

# केही सङ्क्षिप्त समाचार

## साधारण सभाको समुद्घाटन

गभर्नर डा. युवराज खतिवडाले २०६८ साल फागुन ६ गते बीरगञ्ज उद्योग वाणिज्य संघको ३६ औं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो । सो अवसरमा मुलुकको आर्थिक स्थितिका सम्बन्धमा सङ्क्षिप्त प्रकाश पार्नुहुँदै डा. खतिवडाले स्वदेशी आत्मनिर्भरता र परनिर्भरताको विषयभन्दा पनि द्विपक्षीय र वहुपक्षीय अन्तरनिर्भरताको विषय महत्वपूर्ण भएकोले औद्योगीकरणको विकासमा टेवा पुऱ्याउन निजी क्षेत्रले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी ती क्षेत्रको विकास र विस्तारका लागि अग्रणी भूमिका लिनु पर्ने विचार व्यक्त गर्नुभयो । उहाँले कृषि तथा ऊर्जा क्षेत्रमा कर्जा प्रवाह बढाउन नेपाल राष्ट्र बैंकले लागि बैंकले नीतिगत व्यवस्था गरिसकेको अवस्थामा निजी क्षेत्रले पनि सो क्षेत्रमा लगानी बढाउनु पर्ने आवश्यकता औँल्याउनु भयो । निजी क्षेत्रले छुट र सुविधामुखी नीतिको मात्र अपेक्षा नगरी प्रतिस्पर्धात्मकता अभिवृद्धिमा जोड दिनु पर्ने र राज्यले पनि घोषित नीति तथा कार्यक्रम अनुरूप विशेष आर्थिक क्षेत्रको विकास निर्माण र सोको सञ्चालनका लागि आवश्यक पर्ने पूर्वाधारलाई उच्च प्राथमिकता दिनु पर्ने आसय उहाँको थियो । भारतीय रुपैयाँको अभावका सम्बन्धमा प्रकाश पार्दै उहाँले कानुन बमोजिम हुने कारोवारलाई भारतीय मुद्रामा भुक्तानी गर्न विनिमयको रुपैयाँ खाँचो नहुने धारणा राख्नुभयो तर नगद प्रवाहमा भुक्तानी गर्ने विषयमा भने सीमावर्ती क्षेत्रका गतिविधिहरूलाई ध्यानमा राखेर खर्चको आवश्यकता खोजी गर्ने गरिएको कुरा उहाँले थप्नुभयो । सम्पत्ति शुद्धीकरण निवारणको विषयमा नैतिक रूपले सवै जिम्मेवार हुनै पर्ने धारणा राख्दै उहाँले आन्तरिक व्यापार सहजीकरणका लागि ABBS का माध्यमबाट हुने विद्यमान भुक्तानी व्यवस्थामा देखिएको अवरोधलाई पुनरावलोकन गरिने आस्वासन दिनुभयो ।

सो अवसरमा उद्योग वाणिज्य क्षेत्रबाट बैंकसँग तेश्रो मुलुकबाट बिल्टी (Cash Against Document) अन्तर्गत आयात गर्न पाउने व्यवस्था हुनु पर्ने, वाणिज्य विभाग मार्फत् कोलकाता पठाइने सूचना सोझै बैंक मार्फत् पठाउने व्यवस्था गरिनु पर्ने, टीटी अन्तर्गत आयातको इजाजत जिल्लाबाटै दिने व्यवस्था हुनु पर्ने, परिवर्त्य विदेशी मुद्रामा भारतबाट आयातको स्वीकृति दिइनु पर्ने, इन्टरनेट मार्फत् भुक्तानी र प्राप्तिका लागि नेपाली पेमेण्ट गेटवेको स्थापना गर्नु पर्ने, सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्यौल हटाउनु पर्ने लगायतका अपेक्षा एवम् सुझावहरू गभर्नरज्यू समक्ष प्रस्तुत गरिएको थियो । उक्त विषयका सम्बन्धमा उहाँले आन्तरिक छलफल गरी बैंकसँग सम्बन्धित सुझावहरूलाई उपयुक्तताको आधारमा कार्यान्वयन गर्दै लगिने आस्वासन दिनुभयो ।

## सिद्धार्थ बैंकको नवनिर्मित भवनको समुद्घाटन

२०६८ साल फागुन ६ गतेका दिन गभर्नर खतिवडाले सिद्धार्थ बैंक लिमिटेडको बीरगञ्जस्थित नवनिर्मित भवनको समुद्घाटन गर्नु भयो । सो अवसरमा उहाँले नेपाल राष्ट्र बैंकबाट विगत एक डेढ वर्षको अवधिमा चालिएका नीतिगत व्यवस्थाहरूको परिणाम स्वरूप बैंकिङ्ग क्षेत्रप्रतिको विश्वसनीयता बढ्दै गएको चर्चा गर्दै ती व्यवस्थाहरूमा बैंक तथा वित्तीय संस्थाले पालना गर्नु पर्ने विषयहरू, आन्तरिक नियन्त्रण प्रणाली, भविष्यको जोखिम व्यवस्थापन आदि रहेको र परिणाम स्वरूप वित्तीय प्रणालीमा विश्वास अभिवृद्धि भई निक्षेप बढेको र तरलताको अवस्था सुधार भएको धारणा राख्नुभयो । उहाँले अधिक तरलताको अवस्थामा समेत कर्जाको विस्तारमा देखिएको संकुचनबाट पार हुनु अहिलेको चुनाती रहेको चर्चा गर्नुहुँदै उहाँले निक्षेपको व्याजदरमा

आएको कमीको तुलनामा कर्जाको व्याजदर घटाउनु अहिलेको आवश्यकता हो भन्नुभयो । संस्थागत सुशासनको पालनाले बैंक तथा वित्तीय संस्थामा जनविश्वास बढ्न गई निक्षेप पनि बढ्ने र उत्पादनमूलक क्षेत्रमा लगानी प्रोत्साहन हुने धारणा राख्दै उहाँले 'धेरै खाऊँ र अहिले नै खाऊँ' भन्ने प्रवृत्तिले वित्तीय अस्थिरता निम्तिने हुँदा वित्तीय प्रणालीको स्थायित्वका लागि स्वयम् बैंक तथा वित्तीय संस्था अग्रसर हुनुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले कर्जाको गुणस्तर अनुरूप नोक्सानी व्यवस्था नगर्दा बैंकको वित्तीय दिगोपनामा असर पर्ने बताउनुभयो । नेपाल राष्ट्र बैंकले वित्तीय अपराधीहरूलाई कानुनको दायरामा ल्याएपछि गलत काम गर्नेले मुक्ति पाउने रहेनछन् भन्ने दृष्टान्त जनमानसमा देखा परिसकेकाले बैंकिङ्ग क्षेत्रप्रतिको विश्वसनीयता बढ्न पुगेको चर्चा गर्नुभयो । उहाँले मुलुक अझै पनि न्यून लगानीको दुष्चक्रबाट आक्रान्त रहेको र दूर दराजका नेपालीहरू अझै पनि बैंकिङ्ग सेवाबाट बञ्चित रहेको सन्दर्भमा बैंकिङ्ग सेवा विस्तार गर्ने अवसर बैंकहरूका सामू प्रशस्त रहेको र ठूला पूर्वाधारमा लगानी गरी आर्थिक विकासमा ठोस योगदान पुऱ्याउने अवसर पनि कायमै रहेको उहाँको भनाइ थियो । सहर केन्द्रित बैंकहरूले एकातिर अन्तर्राष्ट्रिय स्तरको बैंकिङ्ग सेवा प्रदान गर्नु पर्ने अवस्था छ भने अर्कातर्फ अझै पनि बैंकिङ्ग सेवाबाट बञ्चित ग्रामीण नेपाली दाजुभाइ दिदी बहिनीहरूलाई वित्तीय चेतना अभिवृद्धि सहित उनीहरूलाई बैंकिङ्ग सेवा प्रवाह गर्नु पर्ने विरोधाभाषपूर्ण तर अत्यावश्यक भूमिका वित्तीय क्षेत्रले खेल्नु परेको कुरा उहाँले उल्लेख गर्नुभयो । उत्पादन क्षेत्रको समृद्धि बेगरको बैंकिङ्ग विकास दिगो नहुने सङ्केत गर्दै उहाँले नेपाल राष्ट्र बैंकको निर्देशनलाई साँघुरो घेराबाट नहेरी जोखिम अनुमान र न्यूनीकरणका लागि अनुसन्धान एवं विकासमा लगानी गरी लगानी विविधीकरण गर्दै वित्तीय सङ्कटको चक्रमा पर्नबाट बच्न चनाखो हुन उहाँले वित्तीय क्षेत्रलाई सुझाव दिनु भयो ।

## नेपाल राष्ट्र बैंकका तीनवटा कार्यालयको निरीक्षण

गभर्नर डा. खतिवडाले २०६८ साल फागुन ६-१० सम्म बीरगञ्ज, सिद्धार्थनगर एवं पोखरा कार्यालयको स्थलगत निरीक्षण गर्नुभएको थियो । सो अवसरमा उहाँले बैंकको मुद्रा तथा सिक्का व्यवस्थापन, सुरक्षाको अवस्था, फण्ड ट्रान्सफरमा मितव्ययिता, नोट गणना र जलानमा मेसिनको अवस्था र प्रयोग, सफा नोट नीति कार्यान्वयनको वर्तमान अवस्था, समस्या, नीतिगत व्यवस्था र तिनको  पुनरावलोकनको आवश्यकता, शाखा कार्यालयमा मानव स्रोत व्यवस्थापनको अवस्था, समस्या र गर्नुपर्ने सुधार आदि विषयमा जानकारी लिई तत्तत् विषयमा तत्काल सुधार गर्न सम्बन्धित विभागहरूसँग समन्वय गर्न निर्देशन दिनुभएको थियो । उहाँले बैंकको सेवा प्रवाह र जिम्मेदारीलाई प्रभावकारी रूपमा सम्पादन गर्नका लागि कुनै कसर बाँकी नराखी अघि बढ्न आग्रह गर्दै यसका लागि उच्च व्यवस्थापनबाट सदा सहयोग पुग्ने आस्वासन दिनुभएको थियो ।

## साना किसान सहकारीद्वारा सञ्चालित परियोजनाहरूको अवलोकन भ्रमण

गभर्नर खतिवडाले नवलपरासी, रूपन्देही, स्याङ्गजा, कास्की र तनहुँ जिल्लाका साना किसान विकास बैंक र कृषि सहकारी संघद्वारा प्रवर्द्धित साना किसानहरूद्वारा सञ्चालित सहकारी संस्था तथा परियोजनाहरूको २०६८ फागुन ६-१० गते अवलोकन भ्रमण गर्नुभएको थियो । त्यस अवसरमा गभर्नरज्यूको उपस्थितिमा सहकारी क्षेत्रका सरोकारवालाहरूसँग कृषि, पशुपंक्षी र दुग्ध व्यवसायको वस्तुस्थिति र समस्याबारे अन्तरक्रियाहरू सम्पन्न भएका थिए । उक्त अवसरमा त्यस क्षेत्रका समस्याको समाधानका लागि चाल्नु पर्ने नीतिगत कदमका सम्बन्धमा विभिन्न सुझाव प्राप्त भएको र सोका सम्बन्धमा केही नीतिगत व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने आवश्यकता महसुस गरिएको थियो । ती मध्ये सरकारद्वारा घोषित पशु बीमा कार्यक्रमलाई व्यापक बनाउने र पंक्षी बीमा गर्ने विद्यमान नीतिगत व्यवस्थाको अभाव हटाई लगानी बढाउन तत्काल पंक्षी तथा मत्स्य बीमा गर्न आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने, भूमिहीन कृषकहरूका लागि बाली बीमा सम्बन्धी व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरेमा विपन्न वर्ग कर्जा प्रवाह गर्ने कार्य सहज हुन सक्ने, रु. २ लाखसम्मको युवा स्वरोजगार कर्जा निकै कम देखिएको सन्दर्भमा साना किसान विकास बैंक र साना किसान सहकारी संस्थाको सिफारिस समेतका आधारमा कृषि विकास बैंक, अन्य बैंक वित्तीय संस्थाबाट कर्जा प्रवाह गर्ने र आवश्यकता अनुसार पुनरकर्जा उपलब्ध गराउनु पर्ने, साना किसान सहकारी संस्थाबाट प्रवाह गरिने कर्जाको सदुपयोगिता निरीक्षण गर्नु पर्ने, प्रस्तावित लघुवित्त प्राधिकरणको माध्यमबाट कृषि एवं लघु कर्जा प्रवाहको परिमाण र सदुपयोगिता समेतका आधारमा संस्थागत क्षमता अभिवृद्धिका लागि अनुदान दिने व्यवस्था मिलाई साना किसान सहकारी संस्थाको उत्प्रेरणा बढाउँदै राज्यले अपेक्षा गरेको वित्तीय सेवाको पहूँच अभिवृद्धि कार्यमा मद्दत मिल्ने, ग्रामीण स्वावलम्बन कोषको साझेदार संस्थाको रूपमा साना किसान सहकारी

संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने, स्थानीय उत्पादनको प्रशोधन स्थानीय स्तरमा नै गर्न सकेको खण्डमा बजारको पहुँचमा सहजता थपिने तथा स्थानीय श्रम, सीप र साधनको अधिकतम उपयोग भई मूल्य अभिवृद्धि हुने हुँदा स्थानीय उद्योग प्रवर्द्धन गरी बिचौलिया प्रवृत्तिलाई निरुत्साहित गर्न सहकारी संस्थाहरूलाई सरकारले एक निश्चित परिमाणको पूँजीगत अनुदान दिने नीतिगत व्यवस्था गर्नु उचित हुने, खेतीबाली र पशुपालनलाई जीवनाधार बनाउन बाध्य ग्रामीण साना किसानहरूमा नगन्य वित्तीय सेवा उपलब्ध रहेको सन्दर्भमा व्यवस्थित कृषि तथा पशुपालन व्यवसाय गर्न कृषि/पशु उत्पादनको बजार मूल्यको सूचना प्राथमिक साना किसानसम्म पुऱ्याउनु पर्ने, थोक बजारस्थलको व्यवस्था गर्नुपर्ने, गोठको सुधारमा जोड दिनु पर्ने, उन्नत नश्लका पशु आयात गर्न सरकारले आवश्यक पहल गर्नु पर्ने, पशु/बालीमा देखा पर्ने रोगव्याधिको निराकरण गर्न कृषि/पशु परामर्श सेवालाई व्यापक बनाएर बीमा प्रणालीलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता अनुभव गरिएको थियो ।

२०६८ चैत

गभर्नरको कार्यालय